


# इंग्ल्याण्डले अघिल्लो प्रदर्शन बिर्साउने

चार वर्षअघिको विश्वकपमा समूह चरणबाट बाहिरिएको लाजलाई ढाक्न यसपटक इंग्ल्यान्डले प्रयास गर्नेछ। त्यो नमीठो क्षण बिर्साउन यसपटक राम्रो खेल्ने इंग्ल्यान्डको योजना छ। इंग्ल्यान्डले आफ्नो समूह 'जी' को पहिलो खेलमा ट्युनिसियाविरुद्ध खेल्दै छ। ग्यारेथ साउथगेटको टोलीले ३ अंक जोड्नेमा कुनै सन्देह छैन। तर, भोल्गोग्राडमा ट्युनिसियालाई पन्छाउन इंग्ल्यान्डले कडा संघर्ष गर्नुपर्ने अनुमान लगाइएको छ। थ्री लायन्सको उपनामले चर्चित इंग्ल्यान्डले यदि हार बेहोरेमा त्योभन्दा बढी आश्चर्य केही हुने छैन।

इंग्ल्यान्ड २००२ र २००६ विश्वकपमा क्वार्टरफाइनल पुगेको थियो। टोली २०१० विश्वकपमा अन्तिम १६ मै रोकियो भने ब्राजिलमा समूह चरणबाटै बाहिरियो। यसो हेर्दा इंग्ल्यान्डको प्रदर्शन ओरालो लागेको छ। इंग्ल्यान्डले मैत्री खेलमा नाइजेरिया र कोस्टारिकालाई हराएको छ। फ्रान्ससँग २०१७ जुनमा ३-२ ले हारेयता इंग्ल्यान्डले कुनै पनि खेल हारेको छैन।

### ट्युनिसियाको कोशिस पहिलो चरण पार गर्ने

विश्वकप २००६ पछि पहिलोपटक ट्युनिसिया विश्वकपमा खेल्दै छ। इंग्ल्यान्ड र बेल्जियम जस्तो सशक्त टोली ट्युनिसियाको समूहमा छन्। टोलीका लागि त्यति सहज छैन समूह चरण पार गर्न। तर, रेकर्ड हेर्‍यो भने अफ्रिकी टोलीले अहिलेसम्म समूह चरणबाट पार पाउन सकेको छैन। २०१० र २०१४ विश्वकपमा छनोट हुन नसकेको ट्युनिसिया १९७८, १९९८, २००२ र २००६ मा पहिलो चरणबाटै बाहिरिएको थियो।

#### हेड टु हेड

इंग्ल्यान्ड र ट्युनिसियाले पहिलोपटक अन्तर्राष्ट्रिय खेल जुन १९९० मा खेलेको थियो। जसको नतिजा १-१ मा टुंगियो। तर, इंग्ल्यान्डले विश्वकप १९९८ मा ट्युनिसियालाई समूह चरणमा २-० ले हराएको थियो। एलेन सिरर र पउल स्कोल्सले गोल गरेका थिए।



# दक्षिण कोरियाविरुद्ध स्विडेन

**दक्षिण कोरिया**

पछिल्लो विश्वकप : समूह चरण, २०१४
उत्कृष्ट प्रदर्शन : सेमिफाइनल, २००२
मेनेजर : सिन ताई-योङ
क्याप्टेन : केइ सान्च योङ
हालको फिफा वरीयता : ५७
सम्भावित फर्मेसन : ४-२-३-१

**स्विडेन**

पछिल्लो विश्वकप : अन्तिम १६
उत्कृष्ट प्रदर्शन : उपविजेता, १९५८
म्यानेजर : जोन एन्डर्सन
क्याप्टेन : आन्द्रेस ग्रानक्युभिस्ट
हालको फिफा वरीयता : २४
सम्भावित फर्मेसन : ४-२-३-१

#### विश्वकप यात्रा

दक्षिण कोरियाले विश्वकप छनोटमा निकै उतार-चढाव भोग्नुपर्‍यो। कोरियाले सात खेलमा एक गोल पनि गर्न सकेन। कतार, चीनसँग पनि पराजित भएपछि प्रशिक्षक उली स्टेलियइकीलाई सिन ताई योङले स्थापन्न गरे। योङको नेतृत्व भने दक्षिण कोरियाले इरान र उज्वेकस्तानलाई पराजित गर्दै रुसको टिकट पक्का गर्‍यो।

#### विश्वकप यात्रा

स्विडेनले युरोपियन क्षेत्रको छनोट चरणमा ६ जित, ३ हार र १ बराबरी खेल्दै उत्कृष्ट दोस्रो टोली बन्दै प्लेअफमा स्थान बनाएको थियो। प्लेअफमा इटाली जस्तो चारपटकको विश्वकप विजेतालाई हराएपछि स्विडेन रुसमा छनोट हुन सकेको थियो। स्विडेनको जितले इटाली ५८ वर्षपछि विश्वकपमा छनोट हुन सकेन।

#### महत्त्वपूर्ण खेलाडी

करियरको तेस्रो विश्वकपमा कोरियाको नेतृत्वे केई सान्च योङले गर्नेछन्। योङलाई कोरियाका समलकालीन फुटबलरमध्येका उत्कृष्ट मानिन्छ। यस्तै टोटनहामबाट खेल्ने सन हेङ मिन र ली जइ सुङ पनि टोलीका महत्त्वपूर्ण सदस्य हुन्। उनले यो सिजन पनि उत्कृष्ट प्रदर्शन गरेका थिए।

#### महत्त्वपूर्ण खेलाडी

जाल्टन इब्राहिमोभिचले संन्यास लिएपछि मार्कस बर्गलाई प्रशिक्षक एन्डर्सनले प्रमुख स्ट्राइकरको भूमिकामा उतारे। बर्गले उत्कृष्ट प्रदर्शन गर्दै छनोट चरणमा ८ गोल गरेका थिए। यस्तै भिक्टर लिन्डेलोफले मिडफिल्डमा उत्कृट प्रदर्शन गर्दै आएका छन्।

#### हेड टु हेड

स्विडेन र दक्षिण कोरियाले एक-आपसमा ३ अन्तर्राष्ट्रिय मैत्रीपूर्ण म्याच मात्र खेलेका छन्। जसमा स्विडेन एक खेलमा विजयी भयो भने दुई खेल बराबरीमा टुंगियो।

मे १९९६, स्वीडेन २-० दक्षिण कोरिया

जनवरी २००५, स्वीडेन १-१ दक्षिण कोरिया

नोभेम्बर, २००५ स्विडेन २-२ दक्षिण कोरिया

# नवोदित पानामासँग बेल्जियमको सामना

**बेल्जियम**

पछिल्लो विश्वकप : क्वार्टरफाइनल, २०१४
उत्कृष्ट नतिजा : चौथो, १९८६
मेनेजर : रोबर्टो मर्टिनेज
क्याप्टेन : इडेन हाजार्ड
हालको फिफा वरीयता : ३
सम्भावित फर्मेसन : ३-४-२-१

**पानामा**

विश्वकप : पहिलो सहभागिता
मेनेजर : हर्नन डारियो गोमेज
क्याप्टेन : रोमन टोरेस
हालको फिफा वरीयता : ५५
सम्भावित फर्मेसन : ५-४-१ अथवा ४-४-२



#### महत्त्वपूर्ण खेलाडी

चेल्सीका स्टार इडेन हाजार्ड उत्कृष्ट खेलाडी हुन्। उनले गत सिजन चेल्सीबाट उत्कृष्ट प्रदर्शन गरेका थिए। उनी विपक्षीका लागि कुनै पनि बेला घातक बन्न सक्छन्। केभिन डे ब्रुयने बेल्जियमका अर्का उत्कृष्ट खेलाडी हुन्। उनलाई 'असिस्ट किङ' समेत भन्ने गरिन्छ। पेप ग्वार्डिओलाको नेतृत्वको म्यानचेस्टर सिटीबाट उनले गत सिजन उत्कृष्ट प्रदर्शन गरेर प्रिमियर लिग जिताउन महत्त्वपूर्ण योगदान गरे। उनी विश्वका उत्कृष्ट मिडफिल्डरमध्ये एक हुन्। यस्तै रोमेलु लुकाकुले गत सिजन एभर्टनबाट म्यानचेस्टर युनाइटेड आएर उत्कृष्ट खेल पस्के। विश्वकपमा पनि उनले उत्कृष्ट प्रदर्शन गर्ने अपेक्षा गरिएको छ।

#### महत्त्वपूर्ण खेलाडी

क्याप्टेन रोमन टोरेस पानामाका लागि एक प्रेरणा हुन्। टोरेस तिनै व्यक्ति हुन्, जसले पानामालाई विश्वकपमा छनोट हुने महत्त्वपूर्ण मानिएको कोस्टारिकाविरुद्धको खेलमा विजयी गोल गरेका थिए। पानामासँग अन्य ठूला स्टार खेलाडी छैनन्। तर, बलियो सामूहिक भावना र सन्तुलित खेल शैलीका कारण पनामाले राम्रो प्रदर्शन गर्दै आइरहेको छ।

## अंक तालिका

समूह 'ए'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| रुस | १ | १ | - | - | ५ | ० | ३ |
| उरुग्वे | १ | १ | ० | ० | १ | ० | ३ |
| इजिप्ट | १ | ० | ० | १ | ० | १ | ० |
| साउदी अरेबिया | १ | - | - | १ | ० | ५ | ० |

समूह 'बी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| इरान | १ | १ | - | - | १ | - | ३ |
| पोर्चुगल | १ | - | १ | - | ३ | ३ | १ |
| स्पेन | १ | - | १ | - | ३ | ३ | १ |
| मोरोक्को | १ | - | - | १ | - | १ | ० |

समूह 'सी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| फ्रान्स | १ | १ | - | - | २ | १ | ३ |
| डेनमार्क | १ | १ | - | - | १ | ० | ३ |
| अस्ट्रेलिया | १ | - | - | - | १ | २ | ० |
| पेरु | १ | - | - | १ | ० | १ | ० |

समूह 'डी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| क्रोयसिया | १ | १ | - | - | २ | ० | ३ |
| अर्जेन्टिना | १ | - | १ | - | १ | १ | १ |
| आइसल्यान्ड | १ | - | १ | - | १ | १ | १ |
| नाइजेरिया | १ | - | - | १ | ० | २ | ० |

समूह 'ई'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| सर्बिया | १ | १ | - | - | १ | - | ३ |
| ब्राजिल | ० | ० | ० | ० | ० | ० | ० |
| स्विजरल्यान्ड | ० | ० | ० | ० | ० | ० | ० |
| कोस्टारिका | १ | - | - | १ | ० | १ | ० |

समूह 'एफ'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| मेक्सिको | १ | १ | - | - | १ | ० | ३ |
| दक्षिण कोरिया | ० | ० | ० | ० | ० | ० | ० |
| स्वीडेन | ० | ० | ० | ० | ० | ० | ० |
| जर्मनी | १ | - | - | १ | ० | १ | ० |

## आजको खेल

स्वीडेन Vs (ई) दक्षिण कोरिया
समय : बेलुकी ५:४५ बजे/ स्थान : निज्नी नोभगोरोद स्टेडियम, निज्नी नोभगोरोद

बेल्जियम Vs (एफ) पानामा
समय : राति ८:४५ बजे/ स्थान : फिस्ट ओलम्पिक स्टेडियम, सोची

ट्युनिसिया Vs (ई) इंग्ल्याण्ड
समय : राति ११:४५ बजे/ स्थान : भोल्गोग्राड एरेना, भोल्गोग्राड



# विश्वकपमा को-कति छनौट भएण ?






## यस्तो पनि भयो

(स्रोतः साधना,पूर्णाङ्क-२०, विश्वकप फुटबल ९४ विशेषांक)

- चिलीको राजधानी सान्टियागोमा १९६२ को सातौं विश्वकपअन्तर्गत चिली र इटालीबीच भएको खेल 'सान्टियागो युद्ध' अर्थात् ब्याटल अफ सान्टियागोको नामले प्रख्यात छ। उक्त खेलमा दुवै देशका खेलाडीले एक-आपसमा कुटाकुट र मारामार गरेका थिए।
- पहिलो फाइनल : बलको विवाद

दक्षिण अमेरिकी राष्ट्र उरूग्वेको राजधानी मोन्टेभिडियोमा प्रथम विश्वकप फुटबल प्रतियोगिताको फाइनल खेल सन् १९३० को जुलाई ३० मा सम्पन्न भएको थियो। फाइनल खेलमा पुगेका अर्जेन्टिना र उरूग्वेले ९० हजार दर्शकसामु प्रारम्भमै आ-आफ्नो देशमा निर्मित बल खेल्ने कुरा उठाएर विवाद गरे। तर, पछि रेफ्रीले दुवै देशको बल खेलाइने निर्णय सुनाउँदै पैसा उफारे। अर्जेन्टिनाले टस जित्यो। फलस्वरूप मध्यान्तरसम्म अर्जेन्टिनाकै बल खेलाइयो। त्यतिखेरसम्म अर्जेन्टिना २-१ गोलले अगाडि थियो।

तर, मध्यान्तरपछि उरूग्वेको बल खेलाउँदा उरूग्वेले आफ्नो पक्षमा अरू ३ वटा गोल थपी ४ गोल बनायो। उता अर्जेन्टिनाले मध्यान्तरपछि कुनै गोल गर्न सकेन। यसरी प्रथम विश्वकपको फाइनल खेलमा २ गोल गर्ने अर्जेन्टिनाविरूद्ध ४ गोल गरेर उरूग्वेले पहिलो विश्वकप विजेताको उपाधि प्राप्त गर्‍यो।

## 'मसल फार्म' बजारमा

काठमाडौं, (नेस)

नेप न्युट्रिसन कम्पनीले अमेरिकाको उत्कृष्ट ब्रान्ड 'मसल फार्म' नेपाली बजारमा ल्याएको छ।

कम्पनीले आइतबार राजधानीमा पत्रकार सम्मेलन गरी 'मसल फार्म' उत्कृष्ट पौष्टिक तत्त्व भएकाले यसको प्रयोगले कुनै पनि हानी नहुने जनाएको छ। ३ वर्षअघि भएको धर्मश्री शारीरिक सुगठन प्रतियोगितासमेत जित्नुभएका कम्पनीका अध्यक्ष अर्जुन कर्णमालाले यो उत्पादन नेपालका सबै प्रमुख शहरमा पुर्‍याउने योजना रहेको बताउनुभयो। कर्णमालाले धर्मश्री पुरस्कार जितेर ५ लाख रुपियाँ नगद पुरस्कार पाउनुभएको थियो। उहाँले फुटबल, मार्सल आर्ट, बक्सिङ जस्ता पावर गेम खेल्नेका लागि यो मसल फार्म बढी उपयोगी हुने पनि जनाउनुभयो। विश्वका धेरै देशका खेलाडीले यसको प्रयोग गर्ने पनि जनाइएको छ। शुरूमा काठमाडौंको न्युरोड र टुकुचाबाट यसको व्यापार थालिएको छ।